नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep #३८

# कोरोनाभाइरस रोग (COVID-19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

मंगलबार | ०४ चैत्र २०७६ (१७ मार्च २०२०)

कोभिड-१९ पहिलो केस पौष १५ गते चीनको हुबेई प्रान्तबाट रिपोर्ट गरिएको थियो । चैत्र ३ गते सम्ममा यो रोग १६७५११ जनामा फैलीसकेको छ भने यस रोगका कारण ६६०६ (चीनमा मात्र ३२१८) जनाको मृत्यु भैसकेको छ । यो रोग चीन बाहिर १५० वटा देश/ क्षेत्रहरूमा देखिएको छ।

## कोभिड-१९ सम्बन्धी विश्वव्यापी स्थिति:

| कोभिड-१९ केसहरू | ३ चैत्र २०७६ सम्ममा कुल जम्मा | नयाँ केसहरू | |
|---|---|---|---|
| | | ३ चैत्र | २ चैत्र |
| **विश्वव्यापी** | | | |
| पुष्टी भएका केसहरू | १६७५११ | १३९०३ | १०९८२ |
| मृत्यु | ६६०६ | ८६२ | ३४३ |
| कोभिड-१९ को रिपोर्ट भएका देश/ क्षेत्रहरू | १५० | ४ | ९ |

श्रोत: विश्व स्वास्थ्य संगठनको रिपोर्ट नं. ५४ र ५५

मिति २०७६ १६ माघ, विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा गरेको छ । विश्व स्वास्थ्य सङ्गठनले २८ फागुनमा कोभिड-१९ लाई विश्वव्यापी महामारी **(Pandemic)** को रूपमा वर्गिकरण गरेको छ ।

## COVID-19 का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

| जम्मा परिक्षण | नेगेटिभ | पोजेटिभ |
|---|---|---|
| ४९६ | ४९५ | १* |

(०४ चैत्र २०७६ सम्मम, ४:०० बजे) सम्म

* ०९ माघमा परिक्षण गरेको; हाल निको भएको

## मुख्य प्रतिकार्यहरू:

- सर्वसाधारणको सुविधाका लागि कोरोना भाइरस रोग तथा सो को निदान एवम् उपचार सम्बन्धमा परामर्श प्रदान गर्न विहान ८:०० बजे देखि बेलुका ८:०० बजेसम्म हटलाईन सेवा (९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४) संचालनमा छ ।
  साथै नेपाल टेलिकम र एन. सेल प्रयोगकर्ताहरूका लागि ३० फागुन २०७६ देखि बिहान ६ बजे देखि साँझ १० बजे सम्म नि:शुल्क "कोभिड-१९ कल सेन्टर" संचालित छ । यो सेवाका लागि "१११५" मा डायल गर्नुहोस् ।

**अन्तराष्ट्रिय आगमन विन्दुमा निगरानी**

- बिदेशबाट नेपाल आउने सबै नेपाली नागरिक तथा बिदेशी यात्रूहरूको स्वास्थ्य जाँच गर्ने गरिएको
- चैत्र १ देखि नेपाल आउने सबै यात्रुहरूले कोभिड-१९ को संक्रमण नरहेको प्रमाण पेश गर्नुपर्ने तथा पहिलो १४ दिन self-quarantine मा बस्नुपर्ने व्यवस्था गरिएको छ

- स्वास्थ्य बिषयगत क्षेत्र (Health Cluster) को बैठक सम्पन्न भयो । Sub cluster हरूले तयार गरिरहेको कोभिड-१९ को भैपरी योजना (contingency plan) लाई संकलन गरी health cluster ले एकिकृत भैपरि योजना तयार गरी गृह मन्त्रालयमा पठाउने ।
- कोभिड-१९ का संकास्पद बिरामीहरुको व्यवस्थापनका लागि प्रदेशस्तरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहहरुसंगको समन्वयमा पूर्व तयारीका विविध क्रियाकलापहरु संचालन भै रहेका छन् ।
- सबै प्रादेशिक सरकारहरूले कोभिड-१९ को रोकथाम तथा प्रतिकार्यका लागि विभिन्न क्रियाकलापहरू संचालन गरेका छन् (अनुसूची १)
- कोभिड-१९ प्राबिधिक समितिले सिफारिस गरेको मापदण्ड अनुरुप कोभिड-१९ को प्रयोगशाला परिक्षण गर्ने व्यवस्था मिलाइएको छ (अनुसूची २)
- कोभिड-१९ रोग सम्बन्धी "Algorithm to suspect COVID-19 infection based on the WHO Surveillance Case Definition" अनुसार सबै अस्पतालहरूले सोहीअनुसार संकास्पद बिरामीहरुको उपचार व्यवस्थापन गर्न/गराउनुहुन अनुरोध छ । (अनुसूची ३)
- कोभिड-१९ को प्रयोगशाला परिक्षण सम्बन्धी बारम्बार सोधिने प्रश्नहरू र जवाफको संगालो प्रकाशीत गरिएको छ ।(अनुसूची: ४)
- अध्यागमन विभागले अन्तरराष्ट्रिय यात्रा सम्बन्धी अध्यावधिक सूचना प्रकाशन गरेको छ । (अनुसूची ५)
- माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको संयोजकत्वमा गठित उच्चस्तरीय समन्वय समितिले कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेश प्रस्थान गर्ने यात्रुहरूलाई प्रस्थान बिन्दूमा र मुलुक भित्रका सबै domestic Airport बाट आन्तरिक उडान गर्ने यात्रुहरूलाई प्रस्थान बिन्दुमा WHO बाट निर्धारित मापदण्ड बमोजिम Health Screening को कार्यलाई TIA संग समन्वयगरी थप प्रभावकारी बनाउने लगाएतका विभिन्न निर्णयहरू गरेको छ । (अनुसूची ६)

## COVID-19 सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

- COVID-19 सम्बन्धी श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्ध छ ।

**थप विवरणका लागि तल बक्समा क्लिक गर्नुहोस:**

| COVID-19 IEC | Press Release MoHP | Technical Guidance |
|---|---|---|
| HUB Hospitals | Audio Visual PSAs | Contacts |


**स्वास्थ्य आपतकालीन कार्य संचालन केन्द्र**
फोन: ०१-४२५०८४५,
फ्याक्स: ०१-४२५०८४२,
ईमेल: heocmohp@gmail.com, वेब: heoc.mohp.gov.np,
fb:fb.com/HEOC

**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**
फोन: ०१-४२५५७९६,
फ्याक्स: ०१-४१००२६६,
ईमेल: ewarsedcd@gmail.com, वेब: edcd.gov.np,
fb: fb.com/edcdnepal


"सामाजिक सन्जाल एवम आम सन्चार माध्यमबाट तथ्यपरक र यथार्थ सन्देशहरु प्रसारण गरिदिनुहुन अनुरोध छ ।"

## अनुसूची १: कोभिड-१९ को पुर्वतयारी तथा रोकथाम सम्बन्धमा प्रदेशस्तरमा भएका क्रियाकलापहरू

### प्रदेश न. १

- प्रदेश अन्तर्गत ४ वटा अस्पतालहरूमा २८ वटा आइसोलेसन सैंयाको व्यवस्था
- ४ वटा स्थलगत नाकाहरूमा हेल्थ डेस्कको स्थापना गरि स्वास्थ्य जांचको व्यवस्था गरिएको
- कोभिड-१९ सम्बन्धी द्रुत प्रतिकार्य समितिको गठन गरिएको

### प्रदेश न. २

- स्वास्थ्य निर्देशनालय, प्रदेश न. २ ले कोभिड-१९ रोकथाम तथा प्रतिकार्यका लागि विभिन्न सरोकारवाला निकायहरू संग प्रवेश नाकाहरूमा हेल्थ डेस्कको सुदृढीकरण, थप आईसोलेशन कक्षको व्यवस्थापन, सचेतना, आबश्यक औषधि-उपकरणहरूको व्यवस्थापन गर्ने बिषयमा छलफल गरियो (विस्तृत विवरण)

### बागमती प्रदेश

- सामाजिक बिकाश मन्त्रालयमा माननीय मन्त्रीज्यूको उपस्थितिमा सचिबज्यू को संयोजकत्वमा उच्च स्तरीय अनुगमन समिति बनाई कोरोनाको रोकथाम र नियन्त्रणका गतिविधिलाई संचालन र अनुगमन गरिरहेको

### गण्डकी प्रदेश

- कोभिड-१९ को नियन्त्रण र प्रतिकार्यको लागि माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा उच्चस्तरीय निर्देशक समिति, प्रमुख सचिवको संयोजकत्वमा प्रदेशस्तरीय समन्वय समिति लगाएत बिबिध दशवटा बिषयगत समितिहरू गठन भएका छन् साथै स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशका निर्देशकज्यूको अध्यक्षतामा बिशेष कार्यदल समेत गठन भएको छ ।
- हेल्थ डेस्क स्थापनाका लागि समन्वय, विभिन्न अस्पतालका स्वास्थ्य प्राविधिकहरूलाई तालिम तथा अभिमुखीकारण, सरोकारवाला निकायहरू संग समन्वय, सचेतनामुलक स्वास्थ्य शिक्षा सामग्रीको विकास तथा सम्प्रेषण आइसोलेसन (८० बेड) क्वारेनटाइन स्थलको व्यवस्थापनका लागि स्थानको खोजि, उद्दार कार्यका लागि एम्बुलेन्सको व्यवस्थापन जस्ता आबश्यक तयारी गरेको छ । (विस्तृत विवरण)

### प्रदेश न. ५

- सामाजिक विकास मन्त्रालयले नेपाल भारतको नाकामा रहेका हेल्थ डेस्कको अनुगमन गर्न समूह बिभाजन गरी कार्य भैरहेको
- १४ वटा अस्पतालहरूमा ८९ वटा आईसोलेशन सैयाको व्यवस्था गरीएको छ
- सामाजिक विकास मन्त्रालयले “Press Meet” गरी कोभिड-१९ सम्बन्धी हाल सम्म भए/गरेका गतिविधिहरू जानकारी गराईएको

(विस्तृत विवरण)

### कर्णाली प्रदेश

- प्रदेश अस्पताल अन्तरगत द्रुत प्रतिकार्य टोली तैयारी अवस्थामा रहेको ।
- प्रदेश अस्पतालको नयाँ भवनमा २० वटा बेड सहितको isolation ward तैयारी अवस्थामा राखिएको ।
- प्रदेश अस्पतालका चिकित्सक तथा स्वास्थ्य कर्मीहरूलाई अभिमुखीकरण गरी नियमित रूपमा अपडेट गर्ने गरिएको ।
- ६ वटा स्थलगत नाकाहरूमा हेल्थ डेस्कको स्थापना गरी स्वास्थ्य सूचना केन्द्र तथा स्वास्थ्य जाँचको व्यवस्था गरिएको
- कोभिड-१९ सम्बन्धी सचेतनामुलक ब्रोसिएर तयार गरी आम जन समुदायलाई वितरण गरिएको । (विस्तृत विवरण)

### सूदुरपश्चिम प्रदेश

- सामाजिक विकास मन्त्रालय सूदुरपश्चिम प्रदेशले कोभिड-१९ को रोकथाम, प्रतिकार्य र व्यवस्थापनको नीतिगत निर्णय ।
- भारतसंगका ११ वटा स्थलगत नाकाहरूमा हेल्थ डेस्कको स्थापना गरी स्वास्थ्य सूचना केन्द्र तथा स्वास्थ्य जाँचको व्यवस्था
- सुदुरपस्चिम प्रदेशले कोभिड-१९ संक्रमण निगरानी तथा रोकथाम सम्बन्धी हेल्थ डेस्क संचालन मार्गदर्शन, २०७६ तयार पारी कार्यान्वयनमा ल्याएको छ ।
- १८ वटा अस्पतालहरूमा ४७ वटा आईसोलेशन सैयाको व्यवस्था गरीएको छ (विस्तृत विवरण)

### सूचना

सबै प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रहरूले कोभिड-१९ को रोकथाम तथा प्रतिकार्यका समबन्धमा भइरहेका क्रियाकलापहरूको विवरण स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र को ई-मेल ठेगाना heocmohp@gmail.com मा दैनिक रूपमा दिउँसोको २:०० बजे सम्म पठाईदिनुहुन अनुरोध छ

## अनुसूची २ः Test criteria for testing of COVID-19


- Point of Entry मा संचालित हेल्थ डेस्कबाट सिफारिस भैआएका शंकास्पद व्यक्तिहरुको स्वीकृत algorithm अनुसार कोभिड -१९ को परिक्षण गर्ने

- Patient with SARI/ ARDS in ICU facilities and/or Ground glass appearance in the CT-Scan with no other etiology that fully explains the clinical presentations with also be tested for COVID-19 from Bir Hospital, Patan Academy of Health Science, Shree Birendra Hospital, Tribhuvan University Teaching Hospital, Norvic International Hospital, Grande International Hospital, Vayodha Hospital, HAMS, Nepal Mediciti Hospital of Kathmandu valley.

- Up to 10% of ILI case cluster and outbreaks will be tested for influenza. 10% of the Influenza negative samples will be tested for Pan- Coronavirus and COVID-19 subsequently.

- National Influenza center अन्तर्गत रहेका sentinel sites बाट प्राप्त हुने 10% SARI केसहरुका sample हरुमा कोभिड-१९ को RT-PCR प्रविधिबाट परीक्षण गर्ने

**अनुसूची ३: कोभिड-१९ रोग सम्बन्धी "Algorithm to suspect COVID-19 infection based on the WHO Surveillance Case Definition" परिमार्जन भएको algorithm**



अनुसूची ४: राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले कोभिड-१९ को प्रयोगशाला परिक्षण समबन्धी बारम्बार सोधिने प्रश्नहरू र जवाफको संगालो प्रकासित गरेको छ ।

## Frequently Asked Questions about Novel Corona Virus (COVID-19) Test

1. Novel Corona virus को Test कुन ठाउँमा गरिन्छ ?

   → यो Test राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (NPHL) टेकु, काठमाण्डौमा गरिन्छ ।

2. Suspected Corona Virus Test को लागि NPHL मा नमुना संकलन गर्ने व्यवस्था छ कि छैन ?

   → संकास्पद् बिरामीलाई isolation मा राख्नु पर्ने भएकोले नमूना सम्बन्धित Hospital ले संकलन गरेर यस प्रयोगशालामा पठाउनु पर्ने छ । बिरामी सिधै यस प्रयोगशालामा आउन मिल्दैन ।

3. संकलन गरिएको नमुना कुन विधि अपनाई NPHL पठाउन सकिन्छ ?

   → VTM मा संकलन गरिएको नमुनालाई Triple Pack गरि Cold Chain Maintain (2-8˚ C) गरेर NPHL मा पठाउनु पर्नेछ ।

4. Novel Corona virus Test गर्नको लागि कति पैसा लाग्छ ?

   → हाललाई यो Test यस प्रयोगशालामा निशुल्क गरिन्छ ।

5. के यो Novel Corona virus Test सवैले गराउन पाउँछ ?

   → डाक्टरको परामर्श पछि मात्र यो Test गराउन सकिन्छ ।

6. Corona virus Test को लागि कुन कुन नमूना संकलन गरिन्छ ?

   → यस Test को लागि Throat Swab, Nasal Swab आदि नमूना संकलन गरिन्छ ।

7. Novel Corona virus Test को लागि नमूना संकलन कति बजे सम्म गरिन्छ ?

   → VTM मा संकलन गरिएको नमुनालाई Triple Pack गरि Cold Chain Maintain (2-8˚ C) गरेर ल्याएको खण्डमा २४ सै घण्टा यस प्रयोगशालामा संकलन गरिन्छ (कार्यालय समयमा नमूना संकलन गर्ने ठाउँमा र अन्य समयमा कार्यालय सहायकलाई बुझाउन सकिन्छ ) ।

8. Novel Corona virus Test को Report आउन कति समय लाग्छ र कुन ठाउँ बाट लिने ?

   → यो Test को Report आउन २४ देखि ४८ घण्टा सम्म लाग्छ । लिखित Report यस प्रयोगशालाबाट लिन सकिने छ । Report positive भएको खण्डमा सम्बन्धित hospital र डाक्टर लाई तुरुन्त जानकारी गराईनेछ ।

9. यो Test को लागि सम्पर्क व्यक्तिहरुको मोवाईल नं के के छ ?

| | |
|---|---|
| १. डा. श्रवन कुमार मिश्र | ९८५११६८२२० |
| २. डा. रन्जित शाह | ९८२७७०१४६५ |
| ३. श्री राजेश कुमार गुप्ता | ९८५१२३९९८८ |
| ४. दिनेश थापा मगर | ९८२३१६८५४० ( रात्री समयको लागि ) |
| ५. नरेश थापा मगर | ९८०३१५२१४९ ( रात्री समयको लागि ) |

अनुसूची ५: अध्यागमन विभागले अन्तरराष्ट्रिय यात्रा सम्बन्धी परिमार्जित सूचना

Government of Nepal
Ministry of Home
DEPARTMENT OF IMMIGRATION
(.................................... Section)
Ref. No.:-
☎ 4429659, 4429660, 4433934, 4438862, 4438868
Fax : 4433935
Web: www.immi.gov.np
E-mail: mail@immi.gov.np
Kathmandu, Nepal

Government of Nepal Ministry of Home Affairs Department of Immigration Kathmandu, Nepal

## Updated Urgent Notice Regarding Travel Restriction Related to COVID-19
## Dated 13th March 2020 (12:15 hrs/NST)

*Considering the declaration of World Health Organization regarding the scale of COVID-19 spread as global pandemic, following the recommendations and counter measures to be taken by the countries to cope with the pandemic and assimilating the International Health Regulation (IHR) 2005, Protocols and Prescriptions; Government of Nepal has decided to enforce the following decisions, directions, and precautionary measures in supplantation of all the earlier notices issued on this subject. The provisions enlisted in this notice will come into effect from twelve hours midnight (Nepal Standard Time) on 14th March 2020 till 30th April 2020.*

i. Visa-on-arrival for all foreigners has been suspended for aforementioned period.
ii. All foreigners with a prior valid visa of Nepal have to submit a swab test PCR health certificate issued maximum 7 days before their arrival date to Nepal and must be submitted at the immigration office Tribhuvan International Airport (TIA).
iii. Any foreign nationals including NRNs willing to visit Nepal for compelling reasons may contact to Nepali diplomatic missions abroad. A recent swab test PCR health certificate issued maximum 7 days before their arrival to Nepal is mandatory along with visa application and it has to be submitted at the immigration office TIA.
iv. On-arrival-visa (Gratis) facility granted to Non-Resident Nepalese card holders is also suspended for the aforementioned period.
v. All foreign nationals entering Nepal since 14th March 2020 are subjected to stay in Self Quarantine and Nepali nationals including NRNs are subjected to stay in Home Quarantine for 14 days from the date of their arrival.
vi. Foreigners with diplomatic and official visa entering Nepal for the first time or travelling back to Nepal are subjected to stay in Self Quarantine for 14 days.
vii. Foreigners with Business, study and working visa travelling back to Nepal are subjected to stay in Self Quarantine for 14 days.
viii. All Nepali nationals residing abroad are requested to avoid non-essential travel and are urged to follow high precautionary measures.
ix. All the land ports of entry in Nepal remain closed for arrival in Nepal during the aforementioned period to the foreigners from third countries and are requested to use Tribhuvan International Airport only.
x. All the permits for mountaineering expeditions issued, and to be issued for spring 2020 season are suspended.

The diplomatic missions of Nepal representing abroad and foreign missions in Nepal are requested to acknowledge and circulate this notice accordingly. The international airlines operators bound to Nepal, travel & tour operators are also requested to follow the aforementioned decisions, directions and relevant circulars of Government of Nepal.

Note: The diplomatic missions of Nepal abroad and the foreign missions in Nepal will be notified in purview of this notice shortly through Department of Consular Services.

ESHOR RAJ POUDEL
Director General

अनुसूची ६ः उच्चस्तरीय समन्वय समितिको मिति २०७६ चैत्र ०३ गतेका निर्णयहरू

निर्णयहरुः

१. काठमाडौ उपत्यका भित्र देहाय बमोजिम १ सय २० वटा ICU वेडहरुको व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अविलम्व गर्ने।

| | | | |
|---|---|---|---|
| १.१. टेकु अस्पताल | २० | १.४. सशस्त्र प्रहरीको अस्पताल | २० |
| १.२. आयुर्वेद अस्पताल किर्तिपुर | २० | १.५. विर अस्पताल | २० |
| १.३. नेपाली सेनाको अस्पताल | २० | १.६. पाटन अस्पताल | २० |

२. विभिन्न प्रदेशहरुमा आवश्यकता अनुसार कम्तिमा १ सय १५ वटा ICU वेडको ब्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अविलम्व गर्ने।

३. खरिपाटी स्थित विद्युत प्राधिकरणको तालिम केन्द्र लगायतका काठमाडौ उपत्यकामा रहेका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका विभिन्न अस्पताल तथा भवनहरुमा १ हजार सम्मको वेडको व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने।

४. प्रदेश सरकारहरुलाई आवश्यकताको आधारमा Isolation Ward तथा बेडको व्यवस्था मिलाउन लेखी पठाउने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले विभिन्न उद्योगी व्यवसायीहरुसँग समन्वय गरी PPE, Diagnostic Kits लगायतका सामग्रीहरुको आपूर्तिको व्यवस्था मिलाउने।

६. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेश प्रस्थान गर्ने यात्रुहरुलाई प्रस्थान विन्दुमा र मुलुक भित्रका सबै Domestic Airport बाट आन्तरिक उडान गर्ने यात्रुहरुलाई प्रस्थान विन्दुमा WHO बाट निर्धारित मापदण्ड बमोजिम Health Screening को कार्यलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले TIA सँग समन्वय गरी थप प्रभावकारी बनाउने।

७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले स्वास्थ्य सचेतना सम्बन्धी जनहितका सूचना तथा सामग्रीहरु मुलुक भित्रका सबै FM Radio, Television Channels तथा छापा माध्यमहरुलाई प्रयोग गरी प्रसारण गर्ने गराउने। साथै, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट सामाजिक संजाल (Facebook लगायत) मार्फत नियमित रुपमा सूचना प्रवाह गर्ने।

८. COVID -19 रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्यमा संलग्न देहाय बमोजिमका जनशक्तिहरुलाई कार्य क्षेत्रगत शर्त (TOR) का आधारमा संक्रमण जोखिम अवधिभर निम्न बमोजिमको जोखिम भत्ता उपलब्ध गराउने।

८.१. प्रयोगशाला, स्वास्थ्य परिक्षण र उपचारमा प्रत्यक्ष रुपमा खटिने चिकित्सक, स्वास्थ्यकर्मी तथा नर्सिङ्ग कर्मचारीहरुलाई शुरु तलबमानको ७५% ले हुने रकम

८.२. प्रकरण ८.१ मा उल्लेख भएका कार्यमा सहयोग गर्न खटिने जनशक्तिलाई शुरु तलबमानको ५०% ले हुने रकम

८.३. प्रकरण ८.१ र ८.२ को कार्यमा सहयोग गर्न खटिने अन्य जनशक्तिलाई शुरु तलबमानको २५% ले हुने रकम

८.४. अध्यागमन विन्दुमा प्रत्यक्ष रुपमा COVID -19 रोकथाम तथा नियन्त्रणसँग सम्बन्धित कार्यमा खटिने निजामती, सुरक्षाकर्मीहरु र नागरिक उड्डयन कार्यालयका कर्मचारीहरुलाई शुरु तलबमानको ५०% ले हुने रकम

मुख्य सचिव

ईश्वर पोखरेल

९. कर्मचारी संचयकोषले आफ्ना संचयकर्तालाई घातक रोगको उपचार गर्न प्रदान गर्दै आएको उपचार खर्च वापतको रु.१० लाखको व्यवस्थालाई कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि खटिएका राष्ट्रसेवक कर्मचारी कोरोनाबाट संक्रमित भएमा निजलाई उपचार गर्दा लाग्ने खर्च समेत सोही अनुरुप हुने व्यवस्था अर्थ मन्त्रालयले मिलाउने।

१०. प्रकरण ८ र ९ बमोजिम हुन आउने रकम बराबरको सुविधा करारमा कार्यरत जनशक्तिलाई समेत उपलब्ध गराउने।

११. नेपाल र छिमेकी मित्रराष्ट्र भारतको बिचमा आवतजावत हुने लामो दुरीका यात्रुवाहक सडक यातायातका सार्वजनिक सवारीसाधनहरुको संचालन हाललाई स्थगीत गर्ने।

१२. भारतमा MBBS र MD को प्रवेश परीक्षा दिन फाराम भर्ने प्रयोजनका लागि र विदेशमा पढिरहेका नेपाली विद्यार्थीले विषय परिवर्तन वा कलेज परिवर्तन गर्न चाहेको अवस्थामा नेपालमा निजका अभिभावकले NOC आवेदन गरेमा NOC जारी गर्ने।

१३. सार्क राष्ट्रका राष्ट्र प्रमुख तथा सरकार प्रमुख बिच १५ मार्च २०२० मा सम्पन्न भएको भिडियो कन्फेरेन्समा भएका छलफलको शिलशिलामा प्रस्तुत भएका धारणाहरुको कार्यान्वयनको लागि नेपालको तर्फबाट परराष्ट्र मन्त्रालयले अन्य सम्वद्ध मन्त्रालयहरुको समन्वयमा आवश्यक तयारी गर्ने।

१४. प्रकरण १३ को विषयमा राष्ट्रिय सम्पर्क मन्त्रालयको रुपमा परराष्ट्र मन्त्रालय र क्षेत्रगत सम्पर्क मन्त्रालयको रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कार्य गर्ने।

१५. सम्भावित संक्रमणको जोखिमबाट सुरक्षित रहन साना ठुला कुनैपनि जमघट नगर्न नगराउन सबै नागरिकलाई आव्हान गर्ने र सोको अनुगमन गृह मन्त्रालयले स्थानीय प्रशासन मार्फत गर्ने। साथै, यस कार्यमा सबै स्थानीय तहलाई आ-आफ्नो तर्फबाट सहयोग पुन्याउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समन्वय गर्ने।

१६. उच्चस्तरीय समन्वय समितिले विभिन्न मितिमा गरेका निर्णयहरुको कार्यान्वयनलाई थप प्रभावकारी बनाउने। सो कार्यको सम्बन्धित मन्त्रालयहरुले नियमित रुपमा अनुगमन गरी समिति समक्ष पेश गर्ने।

२०७६।१२।३

मुख्य सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची ६: उच्चस्तरीय समन्वय समितिको मिति २०७६ चैत्र ०२ गतेका निर्णयहरू

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

**COVID-19 संक्रमण, रोकथाम र नियन्त्रण सम्बन्धमा मिति २०७६।१२।२ मा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा गठित उच्चस्तरीय समन्वय समितिका पदाधिकारी तथा प्रदेशका मुख्यमन्त्री सामाजिक विकास मन्त्री समेतको उच्च अधिकारीहरुको उपस्थितिमा भएको बैठकको निर्णयहरु :**

१. संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहहरुले समन्वयात्मक एवं एकीकृत रुपमा यस संक्रमण विरुद्ध देहायको रणनीति अख्तियार गरी तदनुरुपका क्रियाकलाप संचालन गर्ने निर्णय गरियो ।

<u>रणनीतिहरु :</u>

१.१. कोरोना भाईरस प्रवेशमै रोक्ने;
१.२. नागरिक सचेतना अभिबृद्धि गर्ने;
१.३. निगरानी र क्वारेन्टाईनको व्यवस्था सुदृढ गर्दै लैजाने;
१.४. बिरामीको उपचार तथा व्यवस्थापनलाई प्रभावकारी तुल्याउने;

<u>क्रियाकलापहरु :</u>

१.१. सचेतना, रोकथाम र नियन्त्रणका कार्यक्रमहरु तीनै तहमा पठाउने;
१.२. समुदायको थप सहभागीता जुटाउने;
१.३. नेपाल प्रवेश नाकाको आवागमनलाई थप कडाइ गर्ने;
१.४. स्वास्थ्य निगरानी एवं प्रयोगशाला परीक्षणको क्षमता अभिबृद्धि गर्ने;
१.५. संक्रमित तथा रोगी विरामीको प्राथमिक उपचार तथा रेफरको प्रवन्धलाई व्यवस्थित तुल्याउने;
१.६. औषधी, औषधीजन्य वस्तु लगायत दैनिक उपभोग्य वस्तुहरुको उपलब्धतालाई नियमित र सहज बनाउने;

२. उच्चस्तरीय समन्वय समितिबाट कोरोना रोग रोकथाम तथा नियन्त्रण सम्बन्धमा विभिन्न मितिमा गरिएका निर्णयहरुको सबै तहबाट प्रभावकारी रुपमा कार्यान्वयन गर्ने /गराउने ।

३. कोरोना संक्रमणबाट सुरक्षित रहन संघ, प्रदेश र स्थानीय तहमा रहेका अस्पतालहरुले आवश्यकता प्रक्षेपण गरी न्यूनतम संख्यामा भेन्टिलेटर सहितको Isolation Ward तयार गर्ने एवं क्वारेन्टाईन स्थलहरुको व्यवस्थापन गर्ने।

४. प्रदेश तथा स्थानीय तहले सीमा जोडिएका नाकाहरुमा मास्क, सेनिटाईजर, Forehead Thermometer Gun लगायतका सामग्रीहरुको व्यवस्थापन गर्ने ।

५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको २१ बुँदे सूचकमा उल्लेख भए बमोजिमको क्रियाकलापहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने ।

६. प्रदेश तथा स्थानीय तहमा कार्यरत सम्बद्ध सुरक्षा अधिकारी तथा स्वास्थ्यकर्मीहरु संक्रमणको अवधिभर आ-आफ्नो कार्यक्षेत्र नछोड्ने ।

२०७६।१२।२

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मा. ईश्वर पोखरेल
उपप्रधानमन्त्री तथा रक्षामन्त्री




नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य आपतकालीन तथा विपद व्यवस्थापन इकाई, (HEDMU/ HEOC)

## सूचना

**सर्वसाधारणको सुविधाका लागी २०१९-nCoV acute respiratory disease रोग तथा सो को निदान एवं उपचार सम्बन्धी जानकारी चाहिएमा बिहान ८:०० बजे देखि बेलुकी ८:०० बजे सम्म तल उल्लेखित सम्पर्क नम्बरमा सम्पर्क गर्न सकिने व्यहोरा सर्बसाधारणका लागि अनुरोध छ ।**

९८५१२५५८३४,

९८५१२५५८३७,

९८५१२५५८३९

**नोट**: साथै यस सम्बन्धी सम्पूर्ण अध्यावधिक विवरण HEOC (http://heoc.mohp.gov.np) को वेब पोर्टलमा उपलब्ध रहेको जानकारीका लागि अनुरोध छ ।

वेबः heoc.mohp.gov.np ई-मेलः heocmohp@gmail.com फेसबुकः fb.com/HEOCMoHP

फोनः ०१४२५०८४५ फ्याक्सः ०१४२५०८४२

Version-2 , March 3, 2020

# NOVEL CORONA VIRUS (COVID-19)

जनचेतनामुलक संदेश

## COVID-19 का मुख्य लक्षणहरू



ज्वरो
*(१००.४ ०F भन्दा माथि)*



सास फेर्न गाह्रो



खोकी

COVID-19 प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र खोकी लागेमा,
ज्वरो आएमा, घाँटी /टाउको दुखेमा, सास फेर्न गाह्रो भएमा
तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने |

## COVID-19 कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।



ज्वरो सहितको खाकीको लक्षण देखिएमा स्वास्थ्य कर्मीसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।



माछा मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

# NOVEL CORONA VIRUS (COVID-19)

**Preventive messages**

## The common symptoms of COVID-19



Fever
*(38°C and higher)*



Difficulty in breathing



Cough

**"Watch your health for 14 days after leaving the country where the novel corona virus is circulating . If you develop a fever, cough, or have difficulty in breathing, seek medical care in nearest health centers"**

## How to Protect yourself from COVID-19?

Clean hands with soap and water or alcohol based hand rub



Cover nose and mouth when coughing and sneezing with tissue or flexed elbow



Avoid close contact with anyone with cold or flu-like symptoms



Avoid close contact with those who show signs of flu



Avoid unprotected contact with live wild or farm animals



Thoroughly cook meat and eggs



Government of Nepal
Ministry of Health and Population
Department of Health Services
Epidemiology and Disease Control Division